**युनाईटेड ईदि मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड**
पोखरा लेखनाथ महानगरपालिका वाड नं. १७, कास्की
Email : unitedidimardi7mw@gmail.com
Website : www.idimardihydro.com.np

# १६ औ वार्षिक साधारण सभाको निर्णय माइन्युट

**पुष्ठभूमी :**

यस युनाईटेड ईदि मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेडको १६ औ वार्षिक साधारण सभा मिति २०८२।०९।२७ गते (तद्अनुसार January, 11, 2026) आइतबार बिहान दिनको ११:०० बजे आभ्या क्लब, घारीपाटन-१७ पोखरा कास्की, सञ्चालक समितिका अध्यक्ष श्री प्रकाश के.सी.ज्यू को अध्यक्षतामा बस्यो । सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सबै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले १६ औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

**१) सभा सम्बन्धी सूचना र प्रकाशन :**

१६ औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको जानकारी मिति २०८२।०९।०६ गते र २०८२।०९।१८ गते को राष्ट्रिय दैनिक नेपाल समाचारपत्र पत्रिकामा प्रकाशित गरी सबै शेयरधनी महानुभावहरुलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो । सो सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि मा समेत जानकारी गराइएको थियो ।

**२) उपस्थिति :**

**क) सञ्चालक तथा पदाधिकारीहरु :**

| | |
|---|---|
| १. श्री प्रकाश के.सी. | अध्यक्ष |
| २. श्री रोशन के.सी. | प्रबन्ध निर्देशक |
| ३. श्री किरण के.सी. | सञ्चालक |
| ४. श्रीमती किशोरी कार्की गोदार | सञ्चालक |
| ५. श्री जनक राज ढुङ्गाना | सञ्चालक |
| ६. श्री दिपेन्द्र के. सी. | सञ्चालक |
| ७. श्री जिसस थापा | सञ्चालक |
| ८. श्री जगत बहादुर रोकाय | कम्पनी सचिव |

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

**ग) शेयरधनीहरु :**

यस वार्षिक साधारण सभामा कुल शेयरधनीहरु मध्ये २२४ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

**३) सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रोक्सी | जम्मा | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कम्पनीको शेयरधनी संख्या | ४२,१६२ जना | ७८ जना | १४६ जना | २२४ जना | ०.५४ % |
| कम्पनीको शेयर कित्ता | ४६,०८,२४० कित्ता | १४,१०,१८८ कित्ता | १०,१५,४६२ कित्ता | २४,२५,६५० कित्ता | ५२.६४% |

**४). सभाको बैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको स्वीकृत नियमावली बमोजिम वार्षिक साधारण सभा संचालन गर्नको लागि गणपूरक संख्या पुगेको हुँदा सभा संचालन गर्ने अनुमति अध्यक्ष ज्यूवाट प्राप्त भयो । शेयरधनी महानुभावहरुवाट पनि कम्पनीको वार्षिक साधारण सभा संचालनको लागि गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कारवाही अगाडि बढाउन अनुमति प्राप्त भयो ।

अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले १६ औं वार्षिक साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूचि, सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन र आ.व. २०८१/८२ को वार्षिक आर्थिक विवरण तथा लेखापरीक्षण प्रतिवेदन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु समक्ष वितरण गरियो । साधारण सभामा निम्न विषयहरुमा विस्तृत छलफल गरी देहाय बमोजिमको निर्णय पारित भयो ।

**५) छलफलका लागि प्रस्तावित विषयहरु :**

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका प्रस्तावहरु प्रस्तुत गरिएको थिए ।

**क) साधारण प्रस्ताव:**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यू वाट प्रस्तुत हुने आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/८२ का वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व.२०८२।८३ को लेखापरीक्षण कार्यको लागी लेखापरीक्षक नियुक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

४. सञ्चालक समितिबाट सिफारिस भएबमोजिम २०८२ असाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ०.२६ प्रतिशतका दरले हुने रु. ११,९८,१४२.४०। (अक्षरेपी एघार लाख अन्ठानब्ये हजार एक सय बयालिस रुपैया चालीस पैसा मात्र) नगद लाभांस (कर प्रयोजनका लागी) वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा

५. रिक्त सञ्चालक पदमा मनोनयन बारे।

**ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिबाट सिफारिस भएबमोजिम २०८२ असाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ५ प्रतिशत का दरले हुने रु. २,३०,४१,२०० /- (अक्षरेपी दुई करोड तीस लाख एक्चालीस हजार दुई सय मात्र ) बराबरको बोनस शेयर वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।

२. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संसोधन गर्ने सम्बन्धमा।

३. बोनस शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**ग) विविध**

**६) सभा संचालन तथा प्रस्ताव उपर छलफल :**

सञ्चालक समितिका अध्यक्ष श्री प्रकाश के.सी.ज्यूले लिखित मन्तव्य सहित सञ्चालक समितिको तर्फवाट आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो। सभामा प्रस्तुत वार्षिक प्रतिवेदनको वाचन पश्चात आ.व. २०८१/८२ को वार्षिक आर्थिक विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धमा सभामा उपस्थित संस्थापक शेयरधनी तथा समाज सेवी आदरणीय व्यक्तित्वहरुले विभिन्न विषयहरुमा सुझाव दिदै वार्षिक साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो।

**७) सभाबाट पारित निर्णयहरु :**

**क) साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूवाट प्रस्तुत भएको आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/८२ का वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाह विवरण सहितको आर्थिक वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो।

३. कम्पनीको ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८२।०८३ को लेखापरीक्षण गर्नेको लागी लेखापरीषक श्री Pramod Panthi & Associates, chartered Accounts, लाई लेखापरीक्षक नियूक्ति गर्ने एंव

निजको पारिश्रमिक कर वाहेक रु ३,००,००० । (अक्षरुपी तीन लाख मात्र) प्रदान गर्ने निर्णय सभावाट पारित भयो।

४. सञ्चालक समितिबाट सिफारिस भएबमोजिम २०८२ असाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ०.२६ प्रतिशतका दरले हुनरु. ११,९८,१४२.४०। (अक्षरेपी एघार लाख अन्ठानब्ये हजार एक सय बयालिस रुपैया चालीस पैसा मात्र) नगद लाभांस (बोनस शेयर को कर प्रयोजनका लागी) वितरणको प्रस्ताव स्वीकृत गर्ने निर्णय सभावाट पारित भयो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा गत सालको वार्षिक साधारण सभा पश्चात रिक्त हुन आएको संचालक समितिको सदस्य पदमा कम्पनीको संचालक समितिको मिति २०८२/०९/२२ गतेको निर्णय बमोजिम श्री दिपेन्द्र के.सि. तथा श्री जिसस थापा ज्यूलाई मनोनित गरिएकोमा यसै वार्षिक साधारण सभाद्धारा अनुमोदन गर्ने प्रस्ताव स्वीकृत गर्ने निर्णय सभावाट पारित भयो । साथै कम्पनी ऐन २०६३ को दफा १०७ को उपदफा १ बमोजीम तयार गरेको सञ्चालक लगत ऐ ऐ को उपदफा २ बमोजीम कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय गरियो ।

| क.सं. | नाम | पद |
|---|---|---|
| १. | प्रकास के.सी | अध्यक्ष |
| २. | रोशन के.सी. | सञ्चालक |
| ३. | किरण के.सी. | सञ्चालक |
| ४. | किशोरी कार्की गोदार | सञ्चालक |
| ५. | जनकराज ढुङ्गाना | सञ्चालक (स्वतन्त्र) |
| ६. | दिपेन्द के.सी. | सञ्चालक |
| ७. | जिसस थापा | सञ्चालक |

**ख) विशेष प्रस्ताव**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा सञ्चालक समितिबाट सिफारिस भएबमोजिम २०८२ असाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ५ प्रतिशत का दरले हुने रु. २,३०,४१,२०० /- ( अक्षरेपी दुई करोड तीस लाख एक्चालीस हजार दुई सय मात्र ) बराबरको बोनस शेयर वितरणको प्रस्ताव स्वीकृत गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा कम्पनीको स्वीकृत प्रबन्धपत्रको दफा ६ को (ग) मा देहाय बमोजिम हुनेगरी नियमावली र प्रबन्ध पत्रमा बिषेश प्रस्ताब पारीत गर्ने निर्णय गरीयो साथै सँसोधित नियमावली र प्रबन्धपत्र अभिलेखकोलागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने विशेष प्रस्ताब पारीत गरीयो ।

३ प्रस्ताव नं. ३ उपर छलफल गर्दा बोनस शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गन प्रस्ताव स्वीकृत गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो ।

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

**प्रबन्धपत्र को दफा ६ को  ग संसोधन गर्ने सम्बन्धमा**

कम्पनीको प्रबन्धपत्र संसोधन गर्ने सम्बन्धमा आवश्यक छलफल गर्दा कम्पनीको बोनस शेयर वितरणको प्रस्ताव स्वीकृत भएकाले कम्पनीको जारी पूँजी र चुक्ता पूँजी तपसिल  बमाजिम बृद्धि गर्ने निर्णय सर्वसम्मती बाट पारित भयो ।

**तपसिल**

**ग)** कम्पनीको साविक चुक्ता पूँजी रू.४६,०८,२४,०००।- (छयालीस करोड आठ लाख चौबीस हजार रुपैया मात्र) लाई वृद्धि गरी ४८,३८,६५,२००/- (अड्चालीस करोड अडतीस लाख पैंसट्ठी हजार दुइ सय रुपैया मात्र) गर्ने गरी प्रबन्ध पत्रको दफा ६ को (ग) संशोधन गर्ने निर्णय गरियो ।

**ग) विविध**

विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन।

**८) सभा विसर्जन :**

कम्पनी सचिवले साधारण सभाको निर्धारित बिषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हँदा अध्यक्ष ज्यू लाई १६औं वार्षिक साधारण सभा अन्त भएको घोषणा गदै सभा विसर्जन गर्नको लागि अनुरोध गर्नु भयो ।

अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुले सभामा दिनुभएको राय सुझावहरुलाई मनन् गर्दे सकारात्मक सुझावहरुलाई ग्रहण गरी कम्पनीको आगामी दिनमा व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । अध्यक्ष ज्यूले शेयरधनी महानुभाव, स्थानिय सरोकारवाला तथा जन प्रतिनिधीहरु सँग हातेमालो गदै आयोजना संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । यस कम्पनीले आगामी वर्षहरुमा शेयरधनी महानुभावहरुलाई राम्रो प्रतिफल प्रदान गर्न सक्षम बनाउने जानकारी दिएर वार्षिक साधारण सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार ब्यक्त गर्नु भयो ।

साथै अन्त्यमा अध्यक्ष ज्यूले कम्पनीको १६ औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्‍याउनु भएकोमा सबै शेयरधनीहरु, संचालक समीतिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दे १६ औं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

साधारण सभा दिउसो १२:३० बजे बिसर्जन भएको थियो ।

| | | | |
|---|---|---|---|
| जगत ब. रोकाय | किरण के.सी. | रोशन के.सी. | प्रकाश के.सी. |
| (कम्पनी सचिव) | (सञ्चालक) | (प्रबन्ध निर्देशक) | (अध्यक्ष) |

अध्यक्ष

कम्पनीको छाप

मितिः २०८२।०९।२७

United Idi Mardi & RB Hydropower Ltd. Pokhara